प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं ३

हेटौंडा, मकवानपुर, नेपाल

०५७ ५२३६८९
०५७ ५२४८४५
०५७ ५२५१३१

प. सं

च. न

२०७५/०६/१५

## प्रेस विज्ञप्ति

विषय : प्रदेश विकासको आधार पत्र निर्माण सम्वन्धी सोच निर्माण कार्यशाला सम्पन्न ।

मिति २०७५ साल असोज १४ र १५ गते प्रदेश नं. ३ को प्रदेश नीति तथा योजना आयोगको आयोजनामा प्रदेश विकासको आधार पत्र निर्माण सम्वन्धी सोँच निर्माण कार्यशाला सम्पन्न भयो । योजना आयोगका उपाध्यक्ष डा. खिमलाल देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुख्यमन्त्री मा. डोरमणी पौडेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यशालामा प्रदेशका माननीय मन्त्रीहरु, श्री केशव स्थापित, श्री शालिकराम जमरकटेल, श्री अरुण प्रसाद नेपाल, श्री कैलाश ढुंगेल, श्री दावा दोर्जे लामा, आयोगका सदस्य श्री श्याम वस्नेत, प्रदेशसभाका मा. सदस्यहरु, प्रमुख सचिव श्री आनन्द ढकाल, सवै मन्त्रालयका सचिव, महाशाखा तथा शाखा प्रमुखहरु, स्थानीय तहका केहि प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकारीहरु, सञ्चारकर्मी लगायत नागरिक समाजका प्रवुद्ध व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमा प्रदेश विकासको बिषयक्षेत्रगत अवस्थाको विश्लेषण सहितको प्रस्तुति गरिएको थियो । कार्यशालामा विज्ञहरुका तर्फबाट राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष, प्रा.डा. पिताम्वर शर्मा, नेपाल सरकारका पूर्व सचिव श्री पूर्णचन्द्र भट्टराई, राष्ट्रिय योजना आयोगक पूर्व सदस्य डा. गोविन्द नेपाल, डा. दिनेश भुजु, श्री जगन्नाथ अधिकारी, श्री शोभा लामा, श्री परशुराम उपाध्यायले बिषयक्षेत्रगत प्रस्तुति तथा कार्यशालाको सहजीकरण गर्नु भएको थियो ।

कार्यशालामा प्रदेशको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका विविध आयामहरु र विभिन्न उपक्षेत्रगत बिषयमा छलफल केन्द्रित भएको थियो । छलफलको क्रममा प्रदेशको बिषयक्षेत्रगत वस्तुस्थिति तथा  अधिकारक्षेत्र, विकासका सम्भावना र चुनौतिहरुको पहिचान तथा विश्लेषण गरियो । छलफलमा प्रदेश विकासको सोंच, बिषयक्षेत्रगत विकासका लक्ष्य र उद्देश्यहरुको खाका तयार गरिएको छ ।

यस कार्यशालापछि प्रदेशका विभिन्न भागमा स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरु एवं विषयविज्ञ्सँग थप परामर्श र छलफल गरी प्रदेश नं. ३ को विकासको आधारपत्रलाई अन्तिम रुप दिने प्रदेश नीति तथा योजना आयोगको कार्यक्रम रहेको छ ।

............................

आत्मराम सत्याल

नि.सचिव